"समृद्ध गाउँपालिका र सुखी जनता"

# माईजोगमाई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

**नयाँबजार, इलाम ।**

**१ नं. प्रदेश, नेपाल ।**

रेड पाण्डा

पत्र संख्याः- ०७६/०७७
च.नः- ८९५

मितिः २०७६/०७/२१

---

विषयः गाडी भाडामा लिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७६/०७/२०

यस माईजोगमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नयाँबजारलाई कार्यलय प्रयोजनका लागि चालु आ.व. ०७६/०७७ असार मसान्त सम्मका लागि चार पांग्रे सवारी साधन (4- Wheeler) भएको डबल क्याप पिकअप थान १ भाडामा लिनु पर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समय भित्रमा तपशिल बमोजिमको शर्त र अधिनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

1. गाडीको ब्लुबुक चालु आ.व. को नविकरण सहितको प्रतिलिपि - १
2. गाडी धनीको नागरिकताको प्रतिलिपि - १
3. गाडी चालकको चालक अनुमतिपत्रको प्रतिलिपि - १
4. सवारी विमा सम्बन्धी कागजातको प्रतिलिपि - १
5. कबोल रकम (कर सहित) अङ्क र अक्षरमा स्पष्ट खुल्ने गरी केरमेट नगरिकन लेख्नु पर्नेछ ।
6. गाडी सन् २०१४ भन्दा पछाडी उत्पादन भएको हुनु पर्ने साथै कच्ची तथा पहाडी बाटोमा सनिलै गुड्न सक्ने छ ।
7. गाडी भाडा अवधी भर चालकको तलबभत्ता का साथै अन्य खर्च सवारी धनिले आफैं गर्नु पर्नेछ ।
8. उपलब्ध गराउन चाहेको गाडीको मोडेल नम्बर सहित पेश गर्नुपर्नेछ ।
9. गाडी भाडा दरः प्रति कि.मी./प्रति दिन वा महिना के कतिमा दिन चाहेको स्पष्ट खुलाउन पर्नेछ ।
10. इन्धन कार्यालयले नै व्यहोर्नेछ ।
11. प्रतिलिटर इन्धनबाट सवारी साधन कति किलोमिटर गुड्ने हो स्पष्ट खुलाउन पर्नेछ ।
12. सवारी साधनको मर्मत सवारी धनी आफैले गर्नुपर्नेछ ।
13. यस सम्बन्धी कुनै कुरा बुझ्न पर्ने भएमा यस कार्यालयको प्रशासन शाखामा बुझ्न सकिने छ ।

०७६।७।२१

चन्द्र प्रकाश बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

---